## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/१६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मिन बहादुर भट्टराई र झुना कुमारी कठेत (मुद्दा नं. ०८०-CR-०००९३) फैसला मिति २०८१।०३।०९ | गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको । | • राष्ट्रसेवक कर्मचारी प्रतिवादी मिन बहादुर भट्टराईले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा उक्त कसूरमा बिगो रू रु.४,४०,१५,९२५/८६ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा जरिवाना हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको उक्त विगो जफत हुन,<br>• निज प्रतिवादी मिन बहादुर भट्टराईले आफ्नी पत्नी प्रतिवादी झुना कुमारी कठेतको नाममा गैरकारनूनी रुपमा आर्जन गरेको सम्पत्ति राखेको देखिएको हुँदा निजको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ । | • यीनै प्रतिवादीले गैर कानूनी रुपमा आर्जन गरेको भनि निज विरुद्धमा परेको पहिलो उजुरीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गर्दा गैर कानूनी आर्जन गरेको नदेखिएको भनी मिति २०७०/०३/१९ मा उक्त उजुरी तामेलीमा राख्ने निर्णय भएको देखिन्छ।<br>• यी प्रतिवादी उपर पुनः यसै विषयमा उजुरी परी अनुसन्धान प्रारम्भ गरेकोमा उक्त मिति २०७०।३।१९ भन्दा अघि अर्थात् मिति २०६७/०२/१० मा रु.२६,००,०००/- मा खरिद गरेको कि.नं. ७६२ को घरजग्गा समेतको खरिद मुल्यलाई श्रोत नखुलेको भनी मिति २०७८/५/९ मा उक्त घर जग्गा बिक्री गरी प्राप्त भएको रु.३,९०,००,०००/- रकम आयमा गणना गर्न इन्कार गरेको देखिएको तथा प्रतिवादीले मिति २०७९/०३/१९ मा कि.नं. ७८९२ को जग्गा रु.८०,००,०००/- मा बिक्री गरेको देखिएबाट अभियोगपत्रमा उल्लिखित प्रतिवादीको आय-व्ययहरु विभिन्न शीर्षक मध्ये आयमा गणना नगरिएका उक्त २ कित्ता घरजग्गा खरिद बिक्रीको लिखतमा उल्लिखित रकम | १) यी प्रतिवादी मिन बहादुर भट्टराई मिति २०५४।०४।२६ गते राजपत्र अनङ्कित प्रथम श्रेणी ना.सु., पदमा नियुक्ति लिई विभिन्न सरकारी कार्यालयमा कार्य गरी मिति २०६६।१०।०१ शाखा अधिकृत पदमा बढुवा भई मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय लगायतका कार्यालयहरू हुदैं हाल उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जनकपुरमा कार्यरत रहेको देखिन्छ । अनुसन्धानको सिलसिलामामा निज मिन बहादुर भट्टराईले आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज मिन बहादुर भट्टराई र निजको कान्छी श्रीमती झुना कुमारी कठेत समेतको बयान, विभिन्न बैंकबाट प्राप्त बिबरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसंग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त प्रमाण कागजातहरु लगायत निज मिन बहादुर भट्टराईको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रवाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यबस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा निज मिन बहादुर भट्टराईले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५४।०४।२६ गते देखी दोस्रो पटक छानबिन अधिकृत तोकिएको मिति २०७९।०२।०८ लाई आधार मानि सो को मसान्त मिति २०७९।०२।३० गते सम्मको अनुसन्धान जाँच अवधिको निजको आय व्यय निम्न बमोजिम देखिन्छः-<br>• निज प्रतिवादी सार्वजनिक पदमा नियुक्त भएको मिति २०५४/०४/२६ गते देखी मिति २०६७/०२/११ सम्मको निजको बैधानिक आय रू.९३३,६६३।३५ मात्र देखिएकोमा आ.व. २०६३/६४ देखी मिति २०६७/०२/११ सम्मको अवधीमा निजले बीमा प्रिमियम बापतको रकम रू.१३,६२४।-, निजको ला.ल.कोषमा कट्टि गरेको रकम रू.३१,५९३।-, निजको शेयर खरिदमा रू.३१२,२००।- र जग्गा खरिदमा रू.३३,३७,२००।- समेत गरी जम्मा रू.३६,९४,६३७।-खर्च तथा लगानी भएको देखिन्छ ।जसमध्ये निजकी कान्छी श्रीमती झुना कुमारी कठेतको नाममा भक्तपुर दधिकोट-९ को कि.नं. ६९७४, ६९७२, ६९७७ र ६९७० का जग्गाहरु खरिद गरेको रू.७३७,२२०।- मध्ये रू.१३०,९७३।६५ अर्थात १७.७७%, रकमको श्रोत पुगेको नदेखिएको, निज मिन बहादुर भट्टराईको नाममा काठमाडौं नगर-१० को कि.नं. ७६२ को घरजग्गा खरिद गर्दा रू.२६,००,०००।-को १००% रकमको श्रोत पुगेको नदेखिएको, शेयर खरिदमा गरेको रू.३०,०००।- को १००% रकमको श्रोत पुगेको नदेखिएको समेतबाट जम्मा रू.२७,६०,९७३।६५ बराबरको सम्पत्तिको श्रोत पुगेको देखिदैन।<br>• मिति २०६७/०२/१२ गते देखी आ.व. २०७१/७२ सम्मको अवधिमा निज प्रतिवादीको रू.९६,८९,०२६।२२ बराबरको रकम बचत भएको देखिएको र आ.व. २०७२/७३ देखी आ.व. २०७६/७७ सम्मको अवधिमा रू.४१,६०,८७३।९८ बराबरको रकम बचत भएको देखिएकोमा आ.व. २०७६/७७ देखी मिति २०७८/०७/०९ गते सम्मको अवधिमा रू.४,२४,९३,७७६।२१ बराबरको रकमको श्रोत पुगेको देखिँदैन।जसमध्ये निज र निजकी कान्छी श्रीमती झुना कुमारी कठेतले काठमाडौं नगर-१० को कि.नं. ५६ र १८० को क्षेत्रफल क्रमशः ०-१२-३-३ र ०-२-०-१ को घरजग्गा खरिदमा खर्च गरेको रकम रू.६,०३,९९,३२३।- मध्ये रू.४,११,८८,२१७।२१ अर्थात ६८.१९%, निजको छोरा अग्रज भट्टराईको आइएमई लाइफ इन्स्योरेन्सको बीमाशुल्क तिरेको रकम रू.६५,७३५।-को १००% र निजको कान्छी श्रीमती झुना कुमारी कठेतले SAHAS को १० कित्ता शेयर खरिद गर्दा भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रु.४,७०,००,०००/- हुन आई आरोप पत्रमा गैर कानूनी आर्जन भनी दावी गरेको रु.४,४०,१५,९२५/८६ भन्दा बढी नै बैध आय देखिन आएकोले आरोप दावीका अन्य शीर्षकहरुतर्फ विचार विमर्श र विश्लेषण नै गर्नुपर्ने देखिएन। तसर्थ यी प्रतिवादी मिन बहादुर भट्टराईको व्यय भन्दा आय नै बढी देखिन आएकोले निज प्रतिवादीहरुले गैरकानूनी आर्जन गरेको भन्ने आरोप दावीबाट सफाइ पाउने ठहर्छ। | खर्च रकम रू.१,०००।- को १००% रकम बराबर सम्पत्तिको स्रोत खुलेको देखिंदैन। मिति २०७८/०७/१० गते देखी मिति २०७९/०३/३० गते सम्मको अवधिमा रू.१०,९०,७८५।८१ बराबरको रकम बचत भएको देखिन्छ।<br>• अनुसन्धानबाट खुल्न आएको यी प्रतिवादीको आय व्यय विवरणबाट यी प्रतिवादी मिन बहादुर भट्टराईले सार्वजनिक पद धारण गरेको उक्त सेवा अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा **रु.४,४०,१५,९२५।८६** बराबरको सम्पत्ति आफ्नो र एकासगोलकी पत्नी प्रतिवादी झुना कुमारी कठेतको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि हुन आएको छ । प्रतिवादी मिन बहादुर भट्टराईले मिति २०६७/०२/१० मा काठमाडौं नगर-१० को कि.नं. ७६२ को घरजग्गा खरिद गर्दाको रू.२६,००,०००।- को १००% श्रोत पुगेको नदेखिएकोमा सो श्रोत नखुलेको घर जग्गा मिति २०७८/५/९ मा रु.३,९०,००,०००/- मा विक्री गरेको देखिन्छ । उक्त कि नं ७६२ को घर जग्गा खरिद गर्दाको अवस्थामा नै श्रोत नपुगेको देखिएकोले सो बापतको रु.३,९०,००,०००/- लाई आयमा गणना गर्न मिल्ने नदेखिएकोमा विषेश अदालतबाट सो रकमहरुलाई आयमा गणना गरी प्रतिवादीलाई सफाई दिने प्रमुख आधार उल्लेख गरेको देखिन्छ । खरिद तथा लगानी गरी राखेका सम्पत्ति बिक्रि गरी आर्जन गरेको आय गर्नेले मुल धनमा समेत स्रोत पुष्टि गर्नु पर्ने हुन्छ । प्रारम्भिक खर्च लगानीलाई पहिलो प्रमाणित स्रोत प्रस्तुत गर्नुपर्ने अन्यथा प्राप्त आय बैध हुन सक्ने अवस्था नरहने हुँदा खरिद बिक्रि भए गरेका सम्पत्ति प्रारम्भिक शुरू लागनीको स्रोत पुष्टि हुनु पर्ने हुन्छ । प्रतिबादीले खरिद गरेको घर जग्गाहरूको शुरू खरिद गर्दा जो जति मात्रामा स्रोत पुगेको हो सो हदसम्मको आयमा कायम गरिएको छ । प्रतिबादीका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका घरजग्गाको शुरू लगानी नै निजको आयले खामेको नपाईएको र निजले मनासिव कारण र प्रमाण पेश गरी आयलाई बैध तवरबाट पुष्टि गर्न नसकेको हुँदा त्यस्तो आयलाई बैध आयमा गणना गर्न मिल्दैन । सम्मानित सर्वोच्च अदालतबाट "जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने।" (नेपाल सरकार वि खुमबहादुर खड्का ने.का.प २०६९ नि.नं. ८८३२) भनी प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकुल हुने गरी गरिएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>• यी प्रतिवादी मिन बहादुर भट्टराईले आफ्नो हैसियत भन्दा बढी रकम बराबरको आफु र कान्छि श्रीमती झुना कुमारी कठेतको नाममा पैतृक बाहेक बिभिन्न समयमा विभिन्न ठाउँहरूमा(झापा, दमकमा बिभिन्न ६कित्ता गरि ६ कट्ठा ३ धुर, काठमाण्डौ म.न.पा १० हाल ३२ कोटेश्वरमा अढाइ तले घर सहित बिभिन्न ३ कित्ता गरि १८ आना ५ पैसा, लुभु ललितपुरमा २ कित्ता गरि ८ आना ३ पैसा र दधिकोट, भक्तपुरमा बिभिन्न ५ कित्ता गरि ४ आना ७ पैसा) घर/जग्गाहरू रजिष्ट्रेसन दस्तुर सहित रु.६,८८,०२,७६८ (छ करोड अठासि लाख दुई हजार सात सय अडसष्ठि) मा खरिद गरेको, बिभिन्न बैंक तथा वित्तिय संस्था बाट लिएको जम्मा रु.३,०५,४४,१८१।- सापटी ऋण मध्ये रु.१,९२,७३,९८२।- तिरेको लगायत बीमा प्रिमियम भुक्तानी, शेयरहरू खरिद, नेपालकै महँगो बिद्यालयहरु मध्येमा गनिने काठमाण्डौ स्थित राजर्षि गुरुकुल र अक्षरा स्कुलमा छोराछोरिको अध्ययनमा गरेको खर्च, र विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा अस्वभाविक कारोवार गरेको देखिन आयो। उपरोक्त तथ्य अनुसार निजको बैधानिक आयको तुलनामा खर्च एवं लगानी सहितको सम्पत्ति विवरण अमिल्दो र अस्वभाविक देखिन आएबाट निजले बैधानिक रुपले आर्जित सम्पत्तिको अनुपातमा मनासिव नदेखिने किसिमको अमिल्दो, अस्वभाविक र उच्च स्तरको जिवन यापन गरेको प्रमाणित हुन आई आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि हुन आएकोमा मिसिल संलग्न उक्त प्रमाणहरुको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मूल्याँकन नगरी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ ।<br>• यीनै प्रतिवादी उपर गैरकानूनी आर्जन गरेको भनी मिति २०६९/०४/२४ मा उजुरी दर्ता भइ अनुसन्धान पश्चात मिति २०७०/०३/१९ मा उक्त उजुरीलाई तामेलीमा राख्ने निर्णय भएको देखिएकोमा निज विरुद्द पुनः मिति २०७३/०२/११ मा गैरकानुनि सम्पत्ति आर्जन सम्बन्धि उजुरी दर्ता भई अनुसन्धान हुँदा पहिलो उजूरी उपर अनुसन्धान हुँदा खुल्न नआएका आय र व्ययमा पहिले नखुलाइएको नागरिक लगानि कोष कट्टि, बिमा प्रिमियम बापत तिरेको रकम, जग्गा खरिद र घरको तला थपमा गरेको खर्चहरु समेत नयाँ तथ्य र प्रमाणहरु समेत प्राप्त भएको अवस्थामा भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ३५ को प्रतिवन्धात्मक वाक्याँस बमोजिम पुनः अनुसन्धान र तहकिकातको कारवाही अगाडि बढाउन सकिने भन्ने कानूनी व्यवस्था बमोजिम नै निज प्रतिवादी मिन बहादुर भट्टराई सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५४।०४।२६ देखि दोस्रो पटक छानबिन अधिकृत तोकिएको मिति २०७९।०२।०८ लाई आधार मानी उक्त महिनाको मसान्त अर्थात मिति २०७९।०२।३० गते सम्मको अवधिलाई जाँच अवधि कायम गरी अनुसन्धान भएको हो। अनुसन्धानको क्रममा आयको तुलनामा अस्वाभाविक रूपमा सम्पत्ति आर्जन गरेको र उच्च जीवनयापन गरेको देखिएको सार्वजनिक जीवनको कुनै निश्चित् अवधिलाई मात्र जाँच अवधिको रूपमा लिई प्रतिवादी उपर अभियोजन गर्न कुनै कानूनी बाधा देखिँदैन । समग्र जाँच अवधिलाई आय र व्ययको एकमुष्ठ हिसाब गर्दा अघिल्लो अवधिमा गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पछिल्लो अवधिमा बैध रूपमा आर्जित सम्पत्ति र अघिल्लो अवधिको गैरकानूनी सम्पत्तिबाट बढे बढाएको सम्पत्तिले खाम्ने (Cover गर्ने) अवस्था भई कसूरदारले उन्मुक्ति पाउने अवस्था हुन्छ ।गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा ९ को उपदफा (३) को देहाय (ट) र (ठ) मा भएको कानूनी व्यवस्था बमोजिम विभिन्न अवधिमा आय व्ययको हिसाब गर्दा ऋणात्मक अवस्था आएका बखत Cut-Off मिति राखेर हिसाब गरी श्रोत नखुलको सम्पत्ति र सो बाट बढेबढाएको सम्पत्तिलाई प्रतिवादीको वैध आयमा गणना नगरी अभियोजन गरिएकोमा यीनै प्रतिवादीको विरुद्धमा परेको पहिलो उजुरी मिति २०७०/०३/१९ मा तामेलीमा राखिएकोमा सो अवधी भन्दा अगाडीको समेत आय व्यय हिसाव गरेको मिलने भनि यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला उक्त कानूनी व्यवस्थाको व्याख्याको रोहमा समेत त्रुटिपूर्ण रहेको।<br><br>अतः अतः माथि विवेचित प्रतिबादीको तलव भत्ता, घर जग्गा खरिद, घर निर्माण लागत, बैंकको तथा वित्तिय संस्थाको ऋण तथा साँवा ब्याज भुक्तानी , अंशवण्डा, सवारी साधन खरिद, शैक्षिक खर्च लगानी, बैंक मौज्दात समेतबाट यी प्रतिवादी मिन बहादुर भट्टराईले सार्वजनिक पद धारण गरेको उक्त सेवा अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा रु.४,४०,१५,९२५।८६ वरावरको सम्पत्ति आफ्नो र एकासगोलकी पत्नी प्रतिवादी झुना कुमारी कठेतको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ। |